بـكـل خـطـوة
At Every Step
معاك
MA'AK

Sultanate of Oman
Ministry of Labour
سلطنة عُمان
وزارة العمل

النيبالية
NEPALI

# إرشــادات عـامـة
# للقوى العاملة غير العمالية
# للعمل في سلطنة عُمان

# गैर-ओमानी कामदारहरुलाई ओमान सुल्तानेटमा काम गर्नको लागि सामान्य निर्देशन

# प्रिय कामदार

तपाईं र रोजगारदाता बिचको सम्बन्ध बनाउनका लागि हामी तपाईंलाई केहि विषयहरु बारे तपाईंको ध्यान खिच्न चाहन्छौं:

- ओमान सुल्तानेटमा कामको लागि आएपछि यदि तपाईं रोजगारदाताको सही ठेगानामा आउन सक्नुहुनेन भने तपाईंले 80077000 मा फोन गर्ने वा जनशक्ति मन्त्रालयमा सम्पर्क गर्नुहोस् ।

- यदि तपाईं ओमानको सुल्तानेटमा आएको एक महिना भित्र तपाईंको कामको वा आवास अनुमति (सिभिल स्टेटस कार्ड) को प्रकिया पुरा भएका छैनन् भने तपाईंले निरिक्षक वा नजिकको जनशक्ति मन्त्रालयको श्रम विभागमा जानकारी गराउनु पर्छ ।

- तपाईंको कार्ड (सिभिल स्टेटस कार्ड) एक आधिकारिक कागजात हो, तपाईंले यसलाई सबै समयमा आफूसँग राख्ने र बोकेर हिड्ने गर्नु पर्छ ।

- आफ्नो राहदानिको मिति जान नदिनुहोस्, मिति सक्किनु पहिले नै तपाईंले आफ्नो राहदानी नविकरण गर्नु पर्छ ।

- तपाईंको रोजगारदाताले, कामदार होइन, तपाईंको वर्क पर्मिटको र कामको कार्डको शुल्क साथै वैधानिक काम गर्नका लागि आवास भिसाको शुल्क तिर्ने कर्तव्य हो ।

- तपाईंले रोजगार अनुबंध आफैसँग राख्नु पर्छ जसले तपाईंलाई तपाईंको अधिकार र काम बारे बताउँछ ।

- यदि तपाईंको मासिक ज्यालामा भुक्तानिमा कुनै समस्या भएमा तपाईंले यसबारे सिधा आफ्नो निरिक्षकलाई बताउनु पर्छ र यदि तपाईंको निरिक्षकले तपाईंको मासिक ज्याला मिलाउन अस्विकार गरेमा तपाईंले यसबारे नजिकको जनशक्ति मन्त्रालयको नजिकको श्रम विभागमा जानकारी गराउनु पर्छ ।

- यदि ओभर टाइम काम गर्नको लागि भनिएकोमा तपाईंको रोजगारदाताले काम लगाए बापत तपाईंलाई ओमान श्रम कानुन नं 35/2005 अनुसार त्यसको ज्याला तिर्नु पर्छ ।

● यदि तपाईं र रोजगारदाता बिच कुनै किसिमको विवाद आएमा त्यसबारे आफ्नो निरिक्षकलाई जानकारी गराउनु पर्छ र यदि विवादमा कुनै सहमतिमा पुग्न नसकिएमा तपाईंलाई बर्खास्त गरीएको निर्णयको १५ दिन भित्र त्यसलाई फिर्ता गर्न तपाईंले नजिकको जनशक्ति मन्त्रालयको श्रम विभागमा सम्पर्क गर्नु पर्छ ।

● तपाईंलाई यहाँबाट जानकारी गराइन्छ कि ओमान सुल्तानेटमा योग्य विभागबाट कामको अनुमति नपाएको वा रोजगार दिएको लाइसेन्स प्राप्त व्यक्ति बाहेक अर्को व्यक्तिको लागि काम गरेमा वा काम बाट भागेमा त्यसको सजाय बढिमा एक महिना जेल र ओ.आर. ४०० देखि बढिमा ओ. आर. ४०० सम्म जरिवाना वा यी मध्ये कुनै एक सजाय हुन्छ,

● तपाईंले आधिकारिक कर्मचारीसँग सहकार्य गर्न आवश्यक छ र कुनै व्यक्तिले काममा बाधा पारेमा वा जानाजान आधिकारिक कर्मचारीलाई काम गर्न वा अधिकारको प्रयो ग गर्न व्यवधान गरेमा त्यसलाई जेल वा जरीवाना वा दुवैबाट दण्डित गरिन्छ र यदि यो दोहोरीएमा दण्ड दुइ गुणा हुनेछ ।

- तपाईंको संरक्षण र सुरक्षाका लागि तपाईंले व्यवसायिक स्वास्थ्य र सुरक्षाका नियमहरुको पालना गर्नुपर्छ ।

- तपाईंलाई दिइएका उपकरणको उचित लगनशिलता र विश्वासका साथ प्रयो ग गर्नुहोस् र त्यसको काम सकिएपछि रोजगारदातालाई फिर्ता गर्नुहोस् ।

- ईस्लाम धर्मको सम्मान गर्दै ओमानको सुल्टानेटका नियम र कानुनको पालना गर्नुहोस् (सामाजिक र नैतिक मूल्यमान्यता सहित) र सुल्टानेट ओमानको सुरक्षालाई बाधा पुर्‍याउने कुनै पनि काममा संलग्न हुन निषेध गरिन्छ ।

- तपाईंलाई आफ्नो काम र कर्तव्य बारे जान्न श्रम कानुनको बारेमा राम्ररी बुझ्न र समीक्षा गर्न सल्लाह दिइन्छ । तपाईंले श्रम कानुनको प्रति जनशक्ति मन्त्रालयको वेबसाइट बाट पनि लिन सक्नुहुन्छ ।

www.mol.gov.om

हाम्रो अभिवादन स्विकार गर्नुहोस्, श्रम कल्याणको महानिर्देशक

لمزيد من المعلومات يرجى زيارة
الموقع الإلكتروني لوزارة العمل

استخدم رمز الاستجابة
السريع لتحميل
تطبيق معاك

Download on the App Store

GET IT ON Google Play

بكل خطوة
At Every Step

معاك
MA'AK

سلطنة عمان
وزارة العمل

وزارة العمل-سلطنة عُمان
مرتفعات المطار-مسقط

مركز الاتصال
800 77 000

www.mol.gov.om
/labour_oman